# निजगढ नगरपालिका कार्यालय

निजगढ,बारा

## सुचिकृत गर्ने सम्वन्धी सूचना

प्रथम पटक प्रकाशित मिति :- २०७३/४/२१ गते

यस कार्यालयको आ.व. २०७३।२०७४ मा आवश्यक पर्ने देहाय वमोजिमका मालसामा तथा सेवाहरु खरिद गर्नु पर्ने भएकोले इच्छुक फर्म तथा कम्पनीहरुलाई सुचना प्रकाशित भएको मितिले ३० तिस दिन भित्र कार्यालयको जिन्सी शाखामा आवश्यक कागजाहरु अनिवार्य रुपमा नोटरी पव्लिकवाट प्रमाणीत गराई आफै उपस्थित भई प्रत्येक आईटमको अलग अलग समुहका लागी अलग अलग कागजात सहित मौजुदा सुचिमा दर्ता हुन स्थानिय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ७० अनुसार सुचि दर्ताको लागी यो सुचना प्रकाशित गरिएको छ । म्याद भित्र प्राप्त हुन नआएका र पेश गर्नु पर्ने कागजात पेश नभएमा सोलाई मान्यता दिईने छैन ।

आवश्यक कागजातहरु

१, फर्म दर्ताको प्रमाण पत्रको प्रमाणीत प्रतिलिपी ।

२, व्यापार व्यवसाय गर्न इजाजत प्राप्त प्रमाण पत्रको प्रतिलिपी ।

३, मुल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्रको प्रमाणीत प्रतिलीपी ।

४, आ.व. २०७१।२०७२ को कर चुक्ता प्रमाणको प्रतिलिपी ।

५, कम्पनीमा दर्ता भएको हकमा व्यवसायसंग सम्वन्धीत कार्यालयको स्वीकृत पत्र वा दर्ता प्रमाण पत्र ।

६, नगरपालिका क्षेत्र भित्र निर्माण हुने भवनको नक्सा, डिजाईन र ड्ईङ्ग सम्वन्धि कार्यहरुको लागी दर्ता हुन नगर पालिकाले तोकेको शुल्क बुझाउनु पर्ने छ । योग्यता नगरपालिकाले तोके वमोजिम हुनेछ ।

मौजुदा सुचीमा दर्ता गर्ने समुहहरु

क, स्टेशनरी, कार्यालय सम्वन्धी माद

ख, सरसफाई सामान सामानहरु आपुर्ति गर्ने कार्य ।

ग, छपाई सम्वन्धी कार्यको आपुर्ति गर्ने कार्य ।

घ, परामर्शदाताको सेवा वा अन्य सेवा परामर्श सेवा सम्वन्धी कार्यहरु ।

ङ, सवारी साधन मर्मत तथा सो संग सम्वन्धित मालसामान सप्लाई गर्ने कार्य ।

च, स्थानिय गैर सरकारी संस्थाहरु ।

छ, स्थानिय पत्र पत्रिका तथा एफ.एम.रिडियोहरु ।

ज, निर्माण तथा मर्मत सम्वन्धि कार्यहरु ।

झ, कम्प्युट, प्रिन्टर र इलोक्ट्रोनिक सामान सो संग सम्वन्धी सप्लाई गर्ने कार्य ।

ञ, सौर्य वत्ति तथा वैकल्पीक उर्जा सम्वन्धी सप्लाई गर्ने कार्यहरु ।

ट, नगरपालिका क्षेत्र भित्र निर्माण हुने भवनको ड्ईङ्ग, डिजाईन नक्सा सम्वन्धि कार्यहरुको नक्सा तयार गर्ने कार्य ।

विमल कुमार पोखरेल
कार्यकारी अधिकृत
निजगढ नगरपालिका